# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

निर्माण तथा यातायात मन्त्रालयका का.मु.सचिव श्री नारायणराज तिवारीको आमा परलोक भई क्रिया बिदामा बस्नु भएकोले उहाँ क्रिया बिदाबाट फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली,२०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री आर.डी.प्रभास चटौतलाई मिति २०५०।६।१८ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सूचना तथा संचार मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५०।६।१४ को निर्णयानुसार हुलाक सेवा विभाग अन्तरगतका देहायका हुलाक कार्यालयहरूलाई मिति २०५०।७।३० देखि देहायबमोजिम परिवर्तन गरी दैनिक कार्य संचालन गराउने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. साविकको गोश्वारा हुलाक कार्यालय, सुन्धारालाई मध्यमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय, काठमाडौंमा गाभी उक्त क्षेत्रीय निर्देशनालयको कार्यालय सुन्धारामा रहनेछ ।

२. साविकको जिल्ला हुलाक कार्यालय, मोरङ, पूर्वाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय, विराटनगरमा गाभी कार्य सञ्चालन गर्ने र उक्त क्षेत्रीय निर्देशनालयको कार्यालय मोरङमा रहनेछ ।

३. साविकको जिल्ला हुलाक कार्यालय, कास्कीलाई पश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय, पोखरामा गाभी कार्य सञ्चालन गर्ने र उक्त क्षेत्रीय निर्देशनालय कास्कीमा रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. साविकको जिल्ला हुलाक कार्यालय, सुर्खेतलाई मध्यपश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय, सुर्खेतमा गाभी कार्य सञ्चालय गर्ने र उक्त क्षेत्रीय निर्देशनालय सुर्खेतमा रहनेछ ।

५. डोटी, सीलगढी बजारमा अधिकृत प्रमुख हुने गरी इलाका हुलाक कायम गरिएको छ। साविक डोटी जिल्ला हुलाक कार्यालयलाई सुदूर पश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय दिपायलमा गाभिएको छ ।

६. काठमाडौंमा रहेको केन्द्रीय जिन्सीखाना, विराटनगर जिन्सीखाना र नेपालगन्ज जिन्सीखाना खारेज गरिएकोले विराटनगर जिन्सीखाना र नेपालगन्ज जिन्सीखानामा रहेको भौतिक जिन्सी तथा नगदी सम्पत्ति क्रमशः पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय विराटनगर र जिल्ला हुलाक कार्यालय, बाँकेलाई हस्तान्तरण गर्ने । काठमाडौंमा रहेको जिन्सीखानाको सामानहरू र काम हु. से. वि. मा गाभिएको छ।

आज्ञाले,
घनानाथ ओझा
श्री ५ को सरकारको का.मु. सचिव

४२५



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।